
अन्धकार माथि ज्योति



ज्योति सुन्दर हुन्छ !



ज्योतिले अन्धकारलाई हटाउँछ र हाम्रो बाटो देख्न र पत्ता लगाउन मद्दत गर्छ । ज्योतिले हामीलाई सुरक्षित र खुशीको महसुस गराउँछ। बोटबिरुवाहरु, जनावरहरु र मानिसहरुका जीवनका लागि ज्योति चाहिन्छ। ज्योति असल हुन्छ, र हामी सबैलाई यो मनपर्छ। ज्योतिले जीवन ल्याउँदछ !

ज्योतिले भरिएका घरहरु, गाउँहरु र
शहरहरु देख्दा कति सुन्दर लाग्छ !





अन्धकार

हाम्रो संसार अझै पनि अन्धकारले भरिएको छ ।

सूर्य अस्ताउँदा वा रात पर्दा अँध्यारो हुन्छ, यदि बत्ती बलेन भने, त्यहाँ अन्य प्रकारका अन्धकारहरु पनि हुन्छन् ।

संसारमा गरिबी, बिरामी, कष्ट र मृत्यु जस्ता अन्धकारका कुराहरु छन् । मानिसका विचारहरु, कामहरु र हृदयहरुमा अन्धकार छन् । उनीहरुमा हुने खराब बहस, झैझगडा, अमेल, चिन्ता, नराम्रा सपना र आत्महत्या यस अन्धकारका उदाहरणहरु हुन् ।

हामीहरु मध्ये धेरैजसो यी कुराहरुबाट टाढा बस्ने कोशिस गर्छौं किनकी यसले तनाव, निराशा र मृत्यु ल्याउँछ । हामीलाई अन्धकार मन पर्दैन ।

तर हामीले जति नै ज्योति चाहेता पनि वास्तवमा अन्धकारलाई नै योगदान दिने गर्छौं । हामीले नगर्ने प्रयास गरेता पनि अरुहरुलाई चोट पुऱ्याउँने कार्य गरिरहन्छौं । यी नराम्रा कार्यहरुले हामी र हाम्रो परिवारमा अनादर र शर्म ल्याएको हुन्छ । हामी सबै दुष्ट ईच्छा र विचारहरु लिएर जन्मिएका हुन्छौं जसले आत्मिक अन्धकार ल्याउँछ । तपाई र म अन्धकारका स्रोत हौं र यस अन्धकारले हामी र हाम्रो संसारलाई नष्ट पार्दछ । अन्धकारले मृत्यु ल्याउँछ ।

हाम्रो ईच्छा

हामी मध्ये धेरैजसो आफूमा र संसारमा भएको अन्धकारबाट भाग्न चाहान्छौं । हामी स्वास्थ्य, धन, लामो जीवन र हामीलाई चोट पुऱ्याउने चीजहरुबाट सुरक्षित हुन चाहान्छौं किनकी हामी यो विश्वास गर्छौं कि यसले हामीलाई खुशी बनाउँदछ ।




यसैकारण हामीलाई मृत्युको सम्झना गराउने कागहरुको स्वरलाई रोक्न हामी कागहरुलाई खुवाउँछौं ।



हामी हाम्रो घरमा समृद्धि निम्त्याउँछौं र यसैकारण हामीलाई सुरक्षा दिनुपर्ने हाम्रा दाजुभाईहरुलाई धन्यवाद दिन्छौं ।

यद्यपि खराब कुराहरु अझै हामी र हामीले प्रेम गर्ने व्यक्तिहरुमा आउँछन् । हामीले जेसुकै गरेता पनि त्यसले केही फरक पार्दैन, हामीले अन्धकारलाई हाम्रो जीवन, हाम्रो घर र हाम्रो संसारलाई कब्जा गर्नबाट रोक्न सक्दैनौं । हामी यसलाई रोक्न शक्तिहीन छौं ।

सत्य ज्योति



के तपाई आफ्नो जीवनमा प्रशस्त मात्राको ज्योति चाहानुहुन्छ ? हामी सबैलाई हाम्रो जीवनको लागि ज्योति चाहिन्छ । तपाई र तपाईको जीवनलाई पनि ज्योति चाहिन्छ ! त्यस ज्योति सत्य र स्थायी हुन्छ । तर कुन प्रकारको ज्योति तपाई, तपाईको परिवार र तपाईको समुदायमा अन्धकार हटाउनको लागि चम्कन सक्छ त ?

त्यो ज्योति केवल सबै कुरा सृष्टि गर्नुहुने एक मात्र परमेश्वरबाट आउँदछ, जो बाईबलको सर्वशक्तिमान परमेश्वर हुनुहुन्छ !

पवित्र बाइबलले भन्दछ ...

“कि परमेश्वर ज्योति हुनुहुन्छ, र उहाँमा कत्ति पनि अँध्यारो छैन....”[1]

केवल परमेश्वरको ज्योतिले मात्र अन्धकार हटाउन सक्छ। धेरै वर्ष अगाडी, परमेश्वर मानव (येशू) को रुपमा स्वर्गबाट पृथ्वीमा आउनुभयो ताकि तपाईको लागि यस ज्योति प्राप्त गर्ने बाटो तयार होस् । येशूले भन्नुहुन्छ .....

“म संसारको ज्योति हुँ । मलाई पछ्याउने अन्धकारमा हिड्डुल गर्नेछैन, तर त्यसले जीवनको ज्योति पाउनेछ ।”[2]

यसैकारण येशू त्यस स्रोत हुनुहुन्छ जसद्वारा तपाईले परमेश्वरको ज्योति पाउनुहुन्छ । उहाँ संसारको वास्तविक ज्योति हुनुहुन्छ जसकहाँ हामी सबै जान सक्छौं ।

यदि तपाईले येशूमा भरोसा राख्नुभयो र तपाईलाई परिवर्तन गर्न उहाँलाई दिनुभयो भने, उहाँले तपाईलाई परमेश्वरको साँचो ज्योतिले भर्नुहुनेछ [3] । येशूले तपाईलाई तपाईको जीवनमा भएको पाप/अन्धकारलाई देख्न र परिवर्तन हुन सहायता गर्नुहुनेछ । उहाँले तपाईलाई असल छनोट गर्नका लागि असल बुद्धि र ज्ञान दिनुहुनेछ, र तपाई दिनहुँ हिंड्नुपर्ने बाटोमा डोऱ्याउनुहुनेछ । येशूले तपाईको हृदयलाई प्रेम, आनन्द र शान्तिले भर्नुहुनेछ । यदि तपाई उहाँमा विश्वास गर्नुहुन्छ भने उहाँले तपाईको आदरलाई पुनर्स्थापित गर्नुहुनेछ र तपाईको पापलाई क्षमा गरी तपाईको लाजलाई हटाउनुहुनेछ । येशूले तपाईको कालो हृदयलाई ज्योतिले भर्नुहुनेछ । यदि तपाईले येशूलाई पछ्याउनुभयो भने, तपाई अन्धकारमा हिंड्नुहुनेछैन ।

यसबाहेक, जब तपाईले येशूलाई पछ्याउनुहुनेछ तब उहाँको असल ज्योतिलाई प्रतिबिम्बित गरेर संसारलाई अझ राम्रो बनाउन सहायता पुऱ्याउनुहुनेछ, किनभने येशू संसारको सत्य ज्योति हुनुहुन्छ ।

---

1 पवित्र बाइबलबाट , १यूहन्ना १अध्यायको ५ पद
2 पवित्र बाइबलबाट , यूहन्ना ८अध्यायको १२ पद
3 उहाँको पवित्र आत्माद्वारा ।




अब अन्धकार छैन

यसैकारण परमेश्वर नै एक हुनुहुन्छ जसले ज्योति प्रदान गर्नुहुन्छ । यस ज्योति केवल परमेश्वरको पुत्र येशूद्वारा मात्र उपलब्ध हुन्छ । येशू संसारलाई चाहिने सत्य ज्योति हुनुहुन्छ । परमेश्वरले येशूलाई अन्धकार हटाउन र यसको ठाउँमा ज्योतिले भर्न पठाउनुभएको थियो । उहाँ तपाईको पाप र अन्धकारमय कार्यहरुको खातिर बलिदान हुनुभएको थियो । उहाँले तपाईको सट्टामा मूल्य चुकाएर दुःख भोग्नुभयो साथै मूल्य तिर्नुभयो ताकि तपाईले क्षमा पाउनुभएको होस् । तर यदि तपाईले उहाँमा विश्वास गर्नुहुन्छ भने मात्र तपाईले क्षमा पाउनुहुनेछ । त्यसैकारणले, परमेश्वरले तपाईलाई अन्धकारबाट बाहिर निस्कने र उहाँको अनन्त ज्योतिभित्र पुग्ने मार्ग प्रदान गर्नुभएको छ । येशूमा विश्वास गर्नेहरु यस जीवनमा, अझै यस अन्धकारमय संसारमा बाँचिरहेका छन्, तर तिनीहरुमाथि अन्धकारको शक्ति छैन, किनकी तिनीहरु येशूसँग ज्योतिमा हिंड्छन् ।

तर परमेश्वरले चाँडै नै हाम्रो अन्धकारमय संसारलाई परिवर्तन गर्न पनि आफ्नो शक्ति प्रयोग गर्नुहुनेछ । येशूले अन्धकार र त्यसका सबै दुष्ट कामहरु पूर्णरुपमा हटाउनका निम्ति फेरि आउने प्रतिज्ञा गर्नुहुन्छ । यस संसारको सबै दुष्टतालाई हराउन केवल येशूसँग मात्र सामर्थ्य छ । येशूले उहाँमा विश्वास गर्ने सबैलाई स्वर्ग भनिने नयाँ ठाउँमा लाने प्रतिज्ञा गर्नुहुन्छ । स्वर्ग एक उत्तम संसार हुनेछ जहाँ कुनै रुवाई, पीडा र मृत्यु हुनेछैन । परमेश्वरका मानिसहरु उहाँद्वारा प्रेम गरिएका र सधैंको लागि उहाँको परिवारका एक भाग हुनेछन् । तिनीहरु उहाँका सबै सम्पत्तिहरुका भागिदार हुनेछन् । स्वर्गमा कुनै अन्धकार, पीडा, पाप वा दुष्ट हुनेछैन तर यसको सट्टामा सधैं परमेश्वरबाट सिधै आउने सुन्दर ज्योतिले स्वर्ग भरिएको हुनेछ । यसैकारण येशूमा विश्वास गर्नेहरु डराउनुपर्दैन किनकी तिनीहरुको उज्ज्वल भविष्य छ । येशूले अन्धकारमा पूर्ण विजय ल्याउनुहुनेछ किनभने उहाँ ज्योति हुनुहुन्छ ।





हामीले कसरी यो ज्योति पाउन सक्छौं त?

ज्योतिले भरिएको जीवनको लागि येशू मात्र अन्धकार बिनाको जीवनको एक मार्ग हुनुहुन्छ । [4]

यदि तपाईले उहाँलाई आफ्नो जीवनमा आमन्त्रित गर्नुभयो भने येशूले अहिले नै तपाईलाई यस ज्योति एउटा सित्तैको उपहार स्वरुप प्रदान गर्नुहुनेछ । तर कसरी यो हुन्छ त ?

यदि तपाई अहिले तपाईको जीवनमा यस ज्योति चाहानुहुन्छ भने, साधारण रुपमा यसरी माग्नुहोस् ।

“येशू, कृपया मलाई मेरो अन्धकारबाट बचाउनुहोस् र मलाई तपाईको ज्योति दिनुहोस्”

येशूले तपाईलाई सुन्नुहुनेछ किनकी उहाँ परमेश्वर हुनुहुन्छ जसले तपाईलाई सृष्टि गर्नुभयो । येशू भन्नुहुन्छ ,

“म संसारमा ज्योति भएर आएको छु, ताकि ममाथि विश्वास गर्ने अन्धकारमा नरहोस् ।” [5]

जब येशूले तपाईलाई बचाउनुहुन्छ भन्ने कुरामा विश्वास राख्नुहुन्छ, तपाई पक्का हुन सक्नुहुन्छ कि तपाई आफ्नो पापपूर्ण अन्धकारमय परिणामबाट बच्नुभएको छ किनकी तपाईलाई क्षमा गरिएको छ । पवित्र बाइबलले यस कुरालाई यसरी स्पष्ट पार्छ...

“तर उहाँ ज्योतिमा हुनुभएझैं यदि हामी पनि ज्योतिमा हिंड्छौं भने.... उहाँका पुत्र येशूको रगतले हामीलाई सबै पापबाट शुद्ध पार्छ ।” [6]

यदि तपाईले येशूमा विश्वास गर्नुभएको छ भने यस जीवनपछि अब तपाईसँग स्वर्गमा सदाको लागि जीवन छ जहाँ परमेश्वर तपाईको मित्र हुनुहुन्छ भन्ने कुरा थाहा पाएर तपाई शान्त हुन सक्नुहुन्छ ।



[4] पवित्र बाइबल हेर्नौं , यूहन्ना १४अध्यायको ६ पद
[5] पवित्र बाइबलबाट , यूहन्ना १२ अध्यायको ४६ पद
[6] पवित्र बाइबलबाट , १यूहन्ना १अध्यायको ५ र ७ पद

अब के त?

यदि तपाईले येशूमा विश्वास गर्नुभएको छ भने, यस कुरा अझ बढी सिक्न महत्वपूर्ण हुन्छ र यसरी उहाँले तपाईलाई र तपाईका अन्धकारमय कार्यहरुलाई परिवर्तन गर्नु सुरु गर्न सक्नुहुनेछ। बाइबल पढ्नु वा सुन्नु सिक्ने एक उत्तम तरिका हो। मर्कूसको सु-समाचारबाट सुरु गर्नुहोस्। यदि तपाईले 'नेपाली बाइबल' इन्टरनेटमा खोज्नुहुन्छ वा तलका लिंकहरु अनुसरण गर्नुहुन्छ भने तपाईले सजिलैसँग बाइबल अनलाइनमा फेला पार्न सक्नुहुन्छ वा तपाईले तपाईलाई यस पुस्तिका दिने व्यक्तिसँग बाईबल मागन सक्नुहुन्छ। बाइबल तपाईको लागि परमेश्वरको वचन हो। यो तपाईको खुट्टाको निम्ति बत्ती र तपाईको मार्गको निम्ति ज्योति हुनेछ।[7] त्यसैले यो हरेक दिन पढ्नुहोस्।

येशू यस अन्धकारमय संसारमा ज्ञान, आशा, सुरक्षा र आनन्द ल्याउने एक मात्र ज्योति हुनुहुन्छ। ज्योतिले शान्ति ल्याउँछ र हामी येशूमा मात्र यो सत्य ज्योति पाउन सक्छौं किनकी येशू संसारको ज्योति हुनुहुन्छ।

यदि तपाईले अहिलेसम्म पनि येशूमा विश्वास गर्नुभएको छैन भने तपाईले येशूमा विश्वास नगरेसम्म, अन्धकारमा नै रहनुहुनेछ। उहाँको ज्योतिमा हिंड्न ढिलो नगर्नुहोस्, उहाँमा आज नै भरोसा राख्नुहोस्।

[7] पवित्र बाइबलबाट , भजनसंग्रह ११९ अध्यायको १०५ पद

LISTEN

goodnews2nepal.wordpress.com

WATCH

vm1.global

CONNECT

nayashristi.nepal